# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ चौमाला, कैलाली चैत्र ०७ गते , बुधबार २०८० साल, (संख्या १४)


## गौरीगङ्गा नगरपालिकाको बाल क्लब गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

**नगर कार्यपालिकाबाट स्विकृत मितिः २०८०।१२।०७**

**प्रमाणिकरण मितिः २०८०।१२।१२**

प्रस्तावनाः बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ को अवधारणा, नेपालको संविधानमा भएको बाल अधिकार सम्बन्धी मौलिक हकको व्यवस्था, नेपालको त्रिवर्षीय अन्तरिम योजना, बालबालिका सम्बन्धी ऐन,२०७५ ले बालबालिकाको पक्षमा नीतिगत तथा कानुनी प्रावधान राखी बाल अधिकारको समग्र पक्षको वकालत गरेको छ । त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्धन गर्न बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने अवधारणा ल्याएको छ ।

बाल अधिकारको अभ्यास गर्न, लोकतान्त्रिक मूल्यको प्रवर्द्धन गर्न, सुशासनको पूर्वाधार तयार गर्न, नेतृत्वको विकास र सशक्तीकरण गर्न, अन्यायपूर्ण विभेदकारी परिपाटी हटाउन, अपनत्व र स्वामित्व बढाउन, बाल अधिकारको सम्मान गर्न, समावेशीकरणको प्रवर्द्धन गर्न, विकासमा बालमैत्री पद्धतिको प्रवर्द्धन गर्न, जीवनोपयोगी सीप तथा स्व संरक्षण प्रवर्द्धन गर्ने सवालमा बाल अधिकारको एउटा पाटो बाल सहभागिता अर्थपूर्ण बनाउने सवालमा बाल क्लब तथा बाल क्लब सञ्जालको गठन, सञ्चालन र व्यवस्थापनमा एकरूपता ल्याउन, परिचालन गर्न, नेपालको संविधानको धारा ३९ मा उल्लेख सङ्गठित हुन पाउने अधिकार, बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १० को संस्था खोल्ने र शान्तिपूर्वक भेला हुन पाउने अधिकारलाई संस्थागत गर्न वाञ्छनीय भएकाले,

गौरीगंगा राजपत्र

गौरीगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो कार्यविधिको नाम गौरीगङ्गा नगरपालिकाको बाल क्लब गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि,२०८० रहेको छ ।

(२) यो कार्यविधि गौरीगङ्गा नगर कार्यपालिकाले पारित गरी राजपत्रमा प्रकाशन गरेको मिति देखि लागु हुनेछ ।

२ **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "बालबालिका" भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्तिलाई सम्झनु पर्छ।

(ख) "बाल क्लब" भन्नाले यस नगरपालिकाको समुदाय र विद्यालयमा रहेका ८ देखि १८ वर्ष उमेर समूहका बालबालिकाहरू बाल अधिकारको संरक्षण र संवर्द्धनका लागि विद्यालय वा समुदायमा सङ्गठित भई वडा कार्यालयमा दर्ता भएका बाल क्लबलाई सम्झनु पर्छ।

(ग) "वडा बाल क्लब सञ्जाल" भन्नाले नगरपालिकाका सम्बन्धित वडामा रहेका समुदाय र विद्यालय स्तरीय बाल क्लबको कार्यसमितिको भेलाले चयन गरेको दफा ६ को (२) बमोजिम गठित सञ्जाललाई सम्झनु पर्छ।

(घ) "नगर बाल क्लब सञ्जाल" भन्नाले नगरपालिकाभित्रका वडा बाल क्लब सञ्जालका कार्य समितिको भेलाबाट दफा ७ को (२) बमोजिम गठित सञ्जाललाई सम्झनु पर्छ ।

(ङ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

च) "कार्यविधि" भन्नाले गौरीगङ्गा नगरपालिकाले बालबालिकाको हक अधिकार स्थापित गर्न तयार गरेको बाल क्लब गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८० लाई सम्झनु पर्छ ।

छ) "नगरपालिका" भन्नाले गौरीगङ्गा नगरपालिका, कैलालीलाई सम्झनु पर्छ ।

ज) "शाखा" भन्नाले गौरीगङ्गा नगरपालिकामा रहेको महिला तथा बालबालिका शाखालाई सम्झनु पर्छ।

गौरीगङ्गा राजपत्र

३. <u>बाल क्लब, वडा तथा नगर सञ्जालः</u> (१) विद्यालय स्तरीय र सामुदायिक गरी दुई प्रकारका बाल क्लबहरु गठन गरिने छन् ।

(२) प्रत्येक टोल तथा समुदाय स्तरमा एक बाल क्लब गठन गरिनेछ जसलाई सामुदायिक बाल क्लब भनिनेछ ।

(३) प्रत्येक विद्यालयमा एक बाल क्लव गठन गरिनेछ जसलाई विद्यालय स्तरीय बाल क्लब भनिनेछ ।

(४) उपदफा २ र ३ बमोजिम वडामा दर्ता भएका बाल क्लबका कार्य समितिको भेलाबाट वडा बाल सञ्जाल गठन गरिनेछ ।

(५) उपदफा ४ बमोजिम गठित वडा बाल सञ्जालका कार्यसमितिको भेलाबाट नगर बाल क्लब सञ्जालको गठन गरिनेछ ।

(६) वडा बाल क्लब संजालको संरक्षक सम्बन्धित वडाको वडा अध्यक्ष तथा नगर बाल संजालको संरक्षक नगरपालिकाका नगर उप-प्रमुख रहने छन् ।

४. <u>बालक्लव कार्य समिति गठन विधिः</u> (१) ८ वर्ष उमेर पुरा भई १८ वर्ष उमेर ननाघेका बालबालिकाको सहभागितामा प्रत्येक टोल र विद्यालयमा एक बाल क्लब गठन गरी वडा कार्यालयमा दर्ता गर्न सकिनेछ ।

(२) सामुदायिक बाल क्लब टोलमा बसोबास भएका कम्तीमा २५ जना बालबालिकाहरुको सहभागितामा गठन गर्न सकिनेछ।

(३) विद्यालय स्तरिय बाल क्लब विद्यालयमा अध्ययनरत कम्तीमा ५० जना बालबालिकाहरुको सहभागितामा गठन गर्न सकिनेछ ।

(४) सामुदायिक बाल क्लवको कार्यसमितिमा १अध्यक्ष, १ उपाध्यक्ष, १सचिव, १सहसचिव, १ कोषाध्यक्ष र ४ जना सदस्य निर्वाचित र २ जना क्षेत्र, लिङ्ग, प्रतिभा, दलित, अपाङ्गता भएका, विपन्न तथा विभिन्न खाले कठिन परिस्थितिलाई आधारमानी निर्वाचित कार्यसमितिले मनोनयन गरी ११ सदस्य रहनेछन् । अध्यक्ष वा उपाध्यक्ष मध्य कम्तिमा एक बालिका अनिवार्य हुनु पर्नेछ ।

(५) विद्यालय स्तरीय बाल क्लवको कार्यसमितिमा १ अध्यक्ष, १ उपाध्यक्ष, १ सचिव, १ सहसचिव, १ कोषाध्यक्ष र ७ जना सदस्य निर्वाचित र ३ जना भूगोल, लिङ्ग, प्रतिभा, दलित, अपाङ्गता भएका, विपन्न तथा विभिन्न खाले कठिन परिस्थितिलाई आधार मानी निर्वाचित

कार्यसमितिले मनोनयन गरी १५ सदस्य रहनेछन्। अध्यक्ष वा उपाध्यक्ष मध्य कम्तिमा एक बालिका अनिवार्य हुनु पर्नेछ ।

(६) उपदफा ४ र ५ बमोजिम गठित कार्य समितिको पदावधि २ वर्षको हुनेछ ।

(७) बाल क्लबको कार्य समिति बैठकले निर्णय गरी आफ्नो कार्यलाई थप व्यवस्थित बनाउन उपसमितिहरु र सल्लाहकार समिति मनोनयन गर्न सकिने छ ।

(८) उपदफा ७ बमोजिम सल्लाहकार समिति चयन गर्दा बाल क्लबका पूर्व पदाधिकारीहरू तथा बाल क्लबको हित चाहने शिक्षक, स्वास्थ्यकर्मी, बालबालिकाको क्षेत्रमा कार्य गर्ने सरकारी र बालबालिकाको हितमा काम गर्ने गैर सरकारी संस्थाका प्रतिनिधि, समाजसेवी कार्य समितिको पदावधि सम्मका लागि बढीमा ५ जनाको उपसमिति मनोनयन गर्न सकिनेछ र मनोनयन गरिएको उपसमितिको कार्यकाल तथा कार्यक्षेत्र कार्य समितिले तोके बमोजिम हुनेछ ।

(९) बाल क्लबको कार्यसमिति कम्तीमा ४० प्रतिशत बालिका रहनु पर्नेछ ।

(१०) यस कार्यविधि बमोजिम बाल क्लब दर्ता गर्नाकालागि १ तदर्थ समिति रहनेछ र सो समिति गठन भएको ६ महिना भित्र सम्बन्धित निकायमा बाल क्लब दर्ता गरी लोकतान्त्रिक प्रक्रिया मार्फत दफा ४ को उपदफा ४ वा ५ बमोजिम नयाँ कार्य समितिको चयन गरी सक्नु पर्नेछ सो कार्य गर्न नसकेमा तदर्थ समिति स्वतः खारेज भएको मानिने छ ।

(११) सम्बन्धित विद्यालयको बालमैत्री सम्पर्क शिक्षक वा प्रधानाध्यापक वा टोल सङ्गठन एवम् अभिभावकले बालबालिकाहरूलाई परामर्श दिँदा विद्यालयमा वा समुदायमा (सम्बन्धित विद्यालय वा टोलभित्र) त्यस अघि नै अन्य बालक्लबहरु कार्यविधि बमोजिम गठन भई क्रियाशील भएको खण्डमा अर्को बाल क्लब गठन गर्न अभिप्रेरित गर्न पाउने छैन । यसरी कुनै एउटा विद्यालयमा वा टोलभित्र एउटा बाल क्लब कार्यरत हुँदाहुँदै अर्को बाल क्लब गठन गरेमा वा गरेको पाइएमा त्यस्ता बाल क्लबलाई दर्ता गर्न बाध्य हुनेछैन ।

(१२) यस कार्यविधि निर्माण हुनु पूर्वदेखि कार्यान्वयनमा रहेका बाल क्लबलाई यसै कार्यविधि अनुरूप वडामा दर्ता गर्नुपर्नेछ ।

५. <u>बाल क्लबले गर्ने कार्यहरू</u> (१) बाल क्लबले गर्ने कार्यहरू देहाय बमोजिम रहनेछन्:-

(क) बालबालिकामा सामूहिक भावना, नेतृत्व गर्ने क्षमता र आत्मविश्वास विकास गर्ने,

गौरीगङ्गा राजपत्र

(ख) बाल अधिकारको प्रत्याभूति र बाल संरक्षणका लागि अभिभावक र जिम्मेवार निकायमा सकारात्मक दबाब सिर्जना गर्ने ,

(ग) बालबालिकामा समुदाय, समाज र देशप्रतिको जिम्मेवारी बोध गराउने,

(घ) परपरागत कुरीतिको अन्त्य गर्न प्रयास गर्ने,

(ङ) बालबालिकालाई योजना बनाएर अगाडि बढ्ने र कठिनाइबाट सिक्ने अभ्यास गराउने,

(च) बालबालिकामा सहयोगी, सिर्जनात्मक र स्वास्थ्य प्रतिस्पर्धात्मक भावना विकास गर्न विभिन्न क्रियाकलाप सञ्चालन गर्ने,

(छ) बाल अधिकारप्रति सचेत भई उनीहरूको चौतर्फी विकासका लागि सरोकारवालासँग मिलेर काम गर्ने बानी बसाउने वातावरण सृजना गर्न,

(ज) अभिभावक, शिक्षक र विद्यार्थी बिच सुमधुर सम्बन्ध विकास गरी घरपरिवार, समुदाय तथा विद्यालयमा भयरहित वातावरण विकास गर्न,

(झ) जातीय विभेद, छाउपडी, कुप्रथा, बालबालिका ओसारपसार तथा बेचबिखन, बाल विवाह, बाल यौन दुर्व्यवहार, बालश्रम निषेध, अपाङ्गता भएका र एचआइभी एड्स प्रभावितलाई गरिने विभेदलाई निषेध गर्न र असल अभ्यास वा संस्कार संरक्षण गर्न सामाजिक अभियान सञ्चालन गर्ने,

(ञ) प्रविधिको अधिकतम सदुपयोग गर्न र प्रविधिको दुरुपयोगलाई निरुत्साहित गर्ने,

(ट) विभिन्न प्रकारका दुर्व्यसन र कुलतहरूबाट बचाई स्वयं परिवार, समाज र राष्ट्रप्रति कर्तव्यनिष्ठ बनाउने,

(ठ) वडा संजालले वडा कार्यालय, नगर संजाल र शाखाको निर्देशन बमोजिमको कामकाज गर्ने ।

६. <u>वडा बाल क्लब सञ्जालः</u> (१) नगरपालिकाको कुनै वडामा दुई भन्दा बढी बाल क्लब रहेको अवस्थामा वडा बाल क्लब सञ्जाल गठन गर्न सकिनेछ ।

(२), उपदफा १ बमोजिमको वडा बालक्लव सञ्जालमा वडाको क्षेत्रभित्र सञ्चालित विद्यालयमा वा समुदायमा गठन भई दर्ता भएका बालक्लबहरुका कार्य समिति सदस्यहरूको भेलाबाट

लोकतान्त्रिक प्रक्रियाबाट अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १ र सदस्यहरू रहने गरी जम्मा ९ देखि १५ जना सम्मको वडा सञ्जाल निर्माण गरिनेछ ।

(३) वडा सञ्जाल निमार्णका लागि बालक्लबका कार्य समिति सदस्यहरूको भेला बोलाउने र सहजीकरण गर्ने काम शाखाको समन्वयमा वडा कार्यालयले गर्नेछ ।

(४) उपदफा (२) बमोजिम गठित वडा बाल क्लब सञ्जालको काम कर्तव्य र अधिकारहरू देहाय बमोजिम र आवश्यकता अनुसार वडा कार्यालय र शाखाले तोके बमोजिम हुनेछ ।

(क) वडाभित्रका बालक्लबहरुलाई सङ्गठित गरी बालक्लबका क्रियाकलापहरु सञ्चालन गर्न सहयोग जुटाउने र समन्वय गर्ने,

(ख) वडाभित्रका बालक्लबहरुको गतिविधिहरुको अनुगमन तथा मूल्याङ्कन गर्दै बालक्लबहरुलाई क्रियाशील बनाई राख्ने,

(ग) बालबालिकामाथि हुने सामाजिक दुर्व्यवहार, भेदभाव जस्ता बाल अधिकार हनन् का घटनाविरुद्ध आवश्यक पहल र पैरवी गर्ने,

(घ) आफ्नो कार्यक्षेत्रमा सञ्चालन भएका विद्यालय भर्ना, जन्म दर्ता, बालविवाह विरुद्धको अभियान, बालमैत्री वातावरण, पूर्ण सरसफाइ सम्बन्धी अभियान र विद्यालयमा भयरहित शिक्षण जस्ता अभियानमा बाल क्लब सञ्जालको निर्णयबाट सहभागी हुने वा गराउने,

(ङ) आफ्नो कार्यक्षेत्रमा बालबालिकाको प्रतिनिधित्व गर्दै स्थानीय तह, सङ्घसंस्था, उपभोक्ता समिति, विद्यालय तथा अन्य सङ्घसंस्थामा बालबालिकाको मुद्दामा केन्द्रित भएर कार्य योजना पेस गर्ने, आवाज उठाउने र बाल सरोकारका क्षेत्रहरूमा अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्न प्रयास गर्ने,

(च) बालबालिकाका सरोकारका सूचनाहरू सङ्कलन र अभिलेखीकरण गर्ने तथा पुस्तकालय स्थापना गर्न पहल पैरवी गर्ने,

(छ) बाल क्लब तथा अन्य सङ्घसंस्थाबिच आपसी समझदारी र समन्वयको वातावरण तयार गर्ने

(ज) बालबालिकाको बचाउ, संरक्षण, विकास र सहभागिताको अधिकार सुनिश्चित गर्न आवश्यक अन्य काम गर्ने ।

गौरीगङ्गा राजपत्र

(झ) वडामा नयाँ टोल वा विद्यालयमा बाल क्लब गठन र सञ्चालनमा सहयोग गर्ने,

(ञ) निकृष्ट प्रकारको बालश्रमको अन्त्य गर्ने कार्य तथा अभियानमा सहयोग गर्ने,

(ट) वडा कार्यालय, नगर बाल संजाल र शाखाको निर्देशन बमोजिमको कार्य गर्ने ।

७. <u>बालबालिका नगर सञ्जाल गठन विधि:</u> (१) गौरीगङ्गा नगरपालिकामा १ बालबालिका नगर सञ्जाल रहने छ।

२) नगरपालिमा भित्र रहेका वडा सञ्जालका कार्य समिति सदस्यहरूको भेलाबाट अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १ र सदस्य रहने गरी जम्मा ११ देखि १५ सदस्यीय बालबालिका नगर सञ्जाल निर्माण गरिनेछ ।

३) उपदफा (२) बमोजिम सञ्जाल निर्माण गर्न वडा बाल क्लब सञ्जालका कार्यसमिति सदस्यहरूको भेला बोलाउने लगायतका आवश्यक सम्पूर्ण कार्यहरू शाखाले गर्नु पर्नेछ ।

४) बालबालिका नगर सञ्जालको काम कर्तव्य र अधिकार तपसिल बमोजिम र आवश्यकता अनुसार शाखाले तोके बमोजिम हुनेछ ।

(क) बाल क्लब र वडा बाल क्लब सञ्जान सँग समन्वय र सहकार्य गरि कार्य गर्ने,

(ख) वडा बाल भेला तथा नगर बाल भेलाबाट बालबालिका सम्बन्धित योजना तयार गरी सम्बन्धित निकायमा पेश गर्ने,

(ग) जातीय विभेद, छाउपडी, कुप्रथा, बालबालिका ओसारपसार तथा बेचबिखन, बाल विवाह, बाल यौन दुर्व्यवहार, बालश्रम निषेध, अपाङ्गता भएका र एचआइभी एड्स प्रभावितलाई गरिने विभेदलाई निषेध गर्न र असल अभ्यास वा संस्कार संरक्षण गर्न सामाजिक अभियान सञ्चालन गर्ने,

(घ) वडा तथा नगर स्तरमा बालबालिकाको सर्बाङ्गीण विकास तथा संरक्षणको लागि सरोकारवाला निकाय सँग समन्वय गर्ने,

(ङ) बालक्लव सक्रिय बनाउन रचनात्मक कार्यहरु गर्ने ।

८. <u>सदस्यता लिनुपर्ने ब्यवस्था:</u> (१) कुनै पनि बाल क्लबमा आवद्ध रहन बालबालिकाले बाल क्लबको सदस्यता अनिवार्य लिनुपर्नेछ ।

गौरीगंगा राजपत्र

(२) विद्यालयका बालबालिकाले सम्बन्धित विद्यालयमा गठन भएको बालक्लबबाट र समुदायमा रहेका बालबालिकाले आफ्नो टोलमा गठन भएको समुदायिक बाल क्लबको सदस्यता लिनुपर्नेछ ।

(३) बाल क्लबको सदस्य बन्न योग्यता पुगेका बालबालिकाले बाल क्लबको सदस्य बन्न चाहेमा अनुसूची-१ बमोजिमको निवेदन र तोकिएको वार्षिक सदस्यता शुल्क तिरेर मात्र सदस्यता लिन सक्नेछन् ।

(४) बालक्लबका सदस्यहरूले बालक्लबले तोकेको रकम भुक्तान गरी प्रत्येक वर्ष सदस्यता नवीकरण गर्नु पर्नेछ ।

९. <u>सदस्यताको लागि आवश्यक योग्यताः</u> बालक्लब सदस्य हुनकालागि देहाय बमोजिमको योग्यता आवश्यक रहनेछ ।

(क) बालबालिकाको उमेर ८ वर्ष पुरा भई १८ वर्ष ननाघेको ।

(ख) जन्म दर्ता भएको ।

(ग) समान प्रकृतिको अर्को बाल क्लबमा आबद्ध नभएको ।

(घ) बाल क्लबको सदस्यता लिई नियमित रुपमा नवीकरण गराएको वा गराउने गरेको।

(ङ) अनुसूची-२ बमोजिमको आचारसंहिता पालन गर्न योग्य भएको वा सहमत भएको।

१०. <u>सदस्यता शुल्क सम्बन्धी ब्यवस्थाः</u> सदस्यता शुल्कको हकमा नगर बाल क्लब सञ्जालको कार्यसमितिको बैठकको निर्णय बमोजिम सबै बाल क्लबहरुमा एकरूपता हुने गरी र सम्पूर्ण बालबालिकाहरूलाई सजिलै तिर्न सक्ने गरी लागु गरिनेछ ।

तर वार्षिक सदस्यता शुल्क बापत रु ५० भन्दा बढी रकम लिन पाइने छैन ।

११. <u>सदस्यता खारेजी र बचाउः</u> (१) बालबालिकाको उमेर १८ वर्ष पुगेपछि बाल क्लबको सदस्यबाट स्वतः हट्नेछ ।

(२) बाल क्लब सदस्यको आचारसंहिता विपरीत गतिविधिमा संलग्न भएको प्रमाणित भएको सदस्यको सदस्यता खारेज हुनेछ।

गौरीगंगा राजपत्र

(३) कुनै पनि बालबालिकाको सदस्यता रद्द वा खारेज गर्नु अगाडि सम्बन्धित बालबालिकालाई पर्याप्त सफाइको मौका प्रदान गर्नुपर्नेछ। आफ्नो सदस्यता खारेज हुने निर्णय वा प्रक्रियामा चित्त नबुझेमा त्यसको बचाउका लागि नगर बाल सञ्जालमा पुनरावेदन दिन सकिनेछ। नगर बाल सञ्जालको निर्णय अन्तिम हुनेछ ।

१२. **मताधिकार प्रयोग गर्न तथा उम्मेदवार हुनका लागि आवश्यक योग्यताः** (१) बाल क्लबको सदस्यता लिई नियमित नवीकरण गराएको ।

(२) बाल क्लबको आचारसंहिता पालन गर्न योग्य भएको वा सहमत भएको ।

(३) यस कार्यविधि बमोजिम वडामा दर्ता रहेका बालक्लवहरुका कार्य समितिका सदस्यहरू वडा बाल क्लब सञ्जालको निर्वाचनमा मताधिकार र उम्मेदवार हुने अधिकार हुनेछ ।

(४) वडा बाल क्लब सञ्जालका कार्य समिति सदस्यहरूलाई बालबालिका नगर सञ्जालको निर्वाचनमा मताधिकार र उम्मेदवार हुने अधिकार हुनेछ ।

१३. **कार्य समिति निर्वाचन / चयन प्रकृयाः** १) बालक्लबका सदस्यहरू मध्येबाट कार्य समिति सर्व सहमतिमा चयन नभएको अवस्थामा संरक्षकको उपस्थितमा सम्बन्धित बाल क्लबले निर्वाचनका लागि तीन सदस्यीय एक निर्वाचन समितिको गठन गर्न सक्नेछ ।

(२) निर्वाचन समितिले निर्वाचनका लागि आवश्यक सम्पूर्ण प्रक्रिया र पद्धतिको व्यवस्था मिलाई समिति गठन भएको १ महिना भित्र निर्वाचनको कार्य सम्पन्न गर्नु पर्नेछ ।

(३) गोप्य मतदानको माध्यमबाट बहुमत सदस्यले छानेको व्यक्ति पदाधिकारी निर्वाचित हुनेछ । यसरी निर्वाचन प्रक्रिया अपनाउँदा समेत ४० प्रतिशत बालिकाको प्रतिनिधित्व हुने सुनिश्चितता गर्नु पर्नेछ ।

(४) कार्य समिति निर्माणका लागि जुनसुकै विधि अपनाउँदा पनि लगातार २ कार्यकाल अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष भई कार्यकाल पुरा गरेका पदाधिकारीलाई सो पदमा पुनः उम्मेदवार हुन पाउने छैन ।

(५) एउटै पदमा समान मत प्राप्त गरेका उम्मेदवारको अन्तिम टुङ्गो गोला प्रथाबाट लगाइने छ ।

गौरीगङ्गा राजपत्र

(६) निर्वाचन कार्य सम्पन्न गरी शपथ ग्रहणको कार्य पुरा भएपछि निर्वाचन समितिको कार्य अविधि स्वतः समाप्त हुनेछ ।

(७) निर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई अनुसूची-३ बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ ।

१४. <u>बाल क्लब दर्ता, सुचिकृत तथा नविकरणः</u> (१) बाल क्लब सम्बन्धित वडामा दर्ता गर्नु पर्नेछ।

(२) बाल क्लब वडा कार्यालयमा दर्ता गर्दा अनिवार्य रूपमा अनुसूची-४ बमोजिमको बाल क्लबको विधान, कार्य समितिको बाल क्लब दर्ता गर्ने भनी गरिएको निर्णय, अनुसूची-५ बमोजिमको निवेदन र विद्यालय स्तरीय बालक्लबले थप विद्यालयको सिफारिस पेस गर्नु पर्नेछ ।

(३) उपदफा २ बमोजिम प्राप्त निवेदन र संलग्न कागजातको मुल्याङ्कन गरी एक टोल, समुदाय र विद्यालयमा १ भन्दा बढी बाल क्लब नरहने गरी दर्ता गरी अनुसूची-६ बमोजिमको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(४) उपदफा ३ बमोजिम वडामा दर्ता भएको बाल क्लबले दर्ता प्रमाण पत्रको प्रतिलिपि, कार्य समितिको नामावली र निवेदन सहित शाखामा निर्वाचित भएको पहिलो महिना भित्र सूचीकृत गरी सक्नु पर्नेछ ।

(५) क्लब दर्ता भएको प्रत्येक दुई दुई वर्षमा नवीकरण गर्नु पर्नेछ ।

(६) दर्ता तथा नवीकरण नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१५. <u>बालक्लव, वडा सञ्जाल तथा नगर सञ्जालको कार्यक्षेत्रः</u> (१) विद्यालय स्तरीय बाल क्लबको विद्यालय र विद्यार्थी रहेको समुदाय, सामुदायिक बालक्लवको सदस्यहरू रहको क्षेत्रसम्म, वडा सञ्जालको वडाको सिमाना भित्र र बालबालिका नगर सञ्जालको नगरपालिकाको सिमाना भित्र रहने छ ।

१६. <u>कार्यविधि व्याख्या तथा संशोधनः</u> नगर कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन तथा व्याख्या गर्न सक्नेछ ।

१७. <u>बचाउः</u> यस कार्यविधिमा लेखिए जति कुरा यसै कार्यविधि बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

गौरीगङ्गा राजपत्र

## अनुसूची-१

### दफा ८ को उपदफा (३) सँग सम्बन्धित

### बाल क्लबको सदस्यता बन्न पाउन निवेदनको नमुना

श्री ..........................................बाल क्लब अध्यक्ष

गौरीगङ्गा नगरपालिका वडा नं. ....

................................ टोल

विषयः बाल क्लब सदस्य हुन पाउँ ।

उपरोक्त सम्बन्धमा म.................. यस बाल क्लबको सदस्य भई क्लबको विधान भित्र बसी कामकाज गर्न इच्छुक रहेकाले सदस्यता उपलब्ध गराई दिन सादर अनुरोध गर्दछु ।मेरो ब्यक्तिगत विवरण तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

तपसिल

१. ब्यक्तिगत विरण

नामः ............................................. लिङ्गः .............. जन्म मितिः.......................... वर्षः
ठेगानाः ............................................ सम्पर्क नंः...........................................

बिद्यालयको नामः........................................... कक्षाः...... सेक्सनः...... रोल नः.................

अभिभावकको नामः........................................... सम्पर्क नः

गौरीगंगा राजपत्र

सहमति दिने अभिभावकको हस्ताक्षरः निवेदकको हस्ताक्षरः

..............................

नामः नामः

## अनुसूची-२

### (दफा ९ को उपदफा (५) सँग सम्बन्धित)

### बालक्लब र बालक्लब संजालको आचार संहिताः

१. सकेसम्म आफ्नो काम आफै गर्ने,
२. बालक्लबको जिम्मेवारी पुरा गरिरहँदा कसैप्रति पक्षपात नगर्ने,
३. सबैसँग साथी सम्बन्ध र मित्रता राखेर काम गर्ने प्रयास गर्ने,
४. साथीहरुसँग कुरा नलुकाउने तथा सबैसंग खुला र स्पष्ट ब्यवहार गर्ने,
५. आफ्नो क्षमता विकास गर्न आफै अगाडि बढ्ने र सक्नेजती जिम्मेवारी लिने,
६. बालअधिकारको कुरा सिकाउन र प्राप्त गर्न सधैं सचेत, सजग र सक्रिय हुने,
७. सरल जीवन उच्च विचार राख्ने,
८. बालबालिका प्रति सकारात्मक धारणा राख्ने,
९. जाती, लिङ्ग, अपाङ्गता, आर्थिक सामाजिक स्तर, धर्म र संस्कृतिको आधारमा भेदभाव नगर्ने,
१०.कमी कमजोरीलाई सुधार गरी त्यसबाट सिक्न प्रयत्न गर्ने,
११.कठिन अवस्थामा बालबालिकाप्रति विशेष व्यवहार र सहयोग गर्ने,
१२.ठूलाप्रति आदर गर्ने र सानालाई माया गर्ने,
१३.अनुशासित र अध्ययनशील हुने,
१४.कुरीति, कुसंस्कार र अन्धविश्वासको पछि नलाग्ने,
१५.आफूलाई जायज लागेको विचार प्रष्ट रुपमा राख्ने,
१६.झूठो नबोल्ने,
१७.प्रविधिको दुरुपयोग नगर्ने, आर्थिक प्रलोभन नगर्ने ।

गौरीगंगा राजपत्र

## अनुसूची-३

## दफा १३ को उपदफा (७) सँग सम्बन्धित

## <u>नवनिर्वाचित पदाधिकारीका लागि शपथको नमूना</u>

म ................................... आजदेखि ..................... बालक्लब/सञ्जालको ................ पदमा चयन भएकाले बालक्लब सञ्जाल/क्लबको मूल्य मान्यता एवं आचारसंहिता पालन गरी उद्देश्य पूरा गर्नको लागि सक्रिय रहनेछु । बालअधिकार प्रवर्द्धनको लागि बाल सहभागिता भन्ने मान्यता अनुसार आफू सक्षम भई समुदायमा रहेका विभिन्न परिस्थितिको बालबालिकाको सहयोगको गर्नुको साथै समुदायमा बालअधिकार प्रवर्द्धनको लागि सदा क्रियाशील रहनेछु। म आफूलाई लागू पदार्थ दुर्व्यसनबाट मुक्त राखी, बालश्रम शोषण तथा बालबालिकामाथि हुने सबै खाले हिंसा र दुर्व्यवहार अन्त्यका साथै लैङ्गिक, जातीय, अपाङ्गता, धर्म, सास्कृतिक, सामाजिक, आर्थिक आधारमा गरिने विभेद र कुरीति अन्त्यका दिशामा सदा अगाडि बढ्ने प्रण गर्दछु ।

हस्ताक्षर ...................                                        मिति ...................

स्थान .......................

## अनुसूची-४

गौरीगङ्गा राजपत्र

## दफा १४ को उपदफा (२) सँग सम्बन्धित

## बाल क्लबको विधानको नमूना

............................ बाल क्लवको विधान, २०.......

**प्रस्तावनाः** बाल अधिकारको संरक्षण र संवर्द्धनमा स्वयं हामी बालबालिकाहरूबाटै सहयोग पुऱ्याउने अभिप्रायले बाल अधिकार प्राप्तिका लागि महत्त्वपूर्ण सहयोगी सरोकारवाला पक्षहरूमा सचेतना अभिवृद्धि गर्दै हामी बालबालिकाहरूको भविष्यलाई उज्यालोतर्फ डोऱ्याउन, हामी बालबालिकामा भएको क्षमता र प्रतिभाको विकास र प्रस्फुटन गर्न साथै बालबालिकाहरूको बाल बचाउको अधिकार, बाल विकासको अधिकार र बाल संरक्षणको अधिकार प्राप्तिमा महत्त्वपूर्ण योगदान गर्न र आफ्नो अधिकार लिन बाल सहभागिताको अधिकार मार्फत हामी बाल क्लवका सम्पूर्ण पदाधिकारीहरू सहमत भई हाम्रो बाल क्लबको भेलाबाट अनुमोदन गरि यो विधान लागू गरिएको छ ।

### परिच्छेद– १

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस क्लबको नाम.. ..........................................बाल क्लब रहनेछ । यो बाल क्लब समुदाय/ विद्यालय स्तरको बाल क्लबको रूपमा रहनेछ ।

(२) यो विधान क्लब दर्ता भएको मितिले लागू हुनेछ ।

(३) यस क्लबको ठेगाना गौरीगङ्गा नगरपालिका वडा नं. .... को .................................. विद्यालय / समुदायमा रहनेछ ।

(४) यस क्लबको छुट्टै छाप रहनेछ । छापको वरिपरि बाल क्लबको नाम, ठेगाना र स्थापना मिति तथा बिचमा ........... भएका चित्र अङ्कित तपसिल बमोजिमको रहनेछ ।

### परिच्छेद-२

### परिभाषा, उद्देश्य तथा सदस्यता

२. परिभाषा विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,-

क) "क्लब" भन्नाले ................................................बाल क्लबलाई सम्झनु पर्छ ।

(ख) "सदस्य" भन्नाले यस विधान बमोजिम क्लबको सदस्यता प्राप्त बालबालिका सम्झनु पर्छ ।

(ग) "विधान" भन्नाले क्लबको विधान सम्झनु पर्छ ।

(घ) "साधारण सभा" भन्नाले क्लबको वार्षिक हुने सभालाई सम्झनु पर्छ ।

(ङ) "कार्यसमिति" भन्नाले विधान बमोजिम गठन भएको कार्यसमितिलाई सम्झनु पर्छ ।

(च) "सल्लाहकार समिति" भन्नाले कार्यसमितिले मनोनित गरेका क्लबमा काम गरी अनुभव प्राप्त पूर्व पदाधिकारी एवं बालबालिकाको क्षेत्रमा कामकाज गरिरहेका व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) "बालक" भन्नाले बालक र बालिका दुबैलाई सम्झनुपर्दछ ।

(ज) "बालबालिका" भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्तिलाई सम्झनु पर्छ ।

**३. क्लबको उद्देश्यः** देहायका उद्देश्यहरू लिई यो बाल क्लब स्थापना गरेका छौं।

(क) हामी बालबालिकाहरूको भविष्यको लागि राम्रो जग बसाउने ।

(ख) हामी निष्क्रिय रहने समयको सदुपयोग गर्ने ।

(ग) समूहसँग बसेर छलफल गर्ने ।

(घ) हामी आफ्नै अन्य बालबालिका साथीहरू, परिवार तथा समुदायका लागि उपयोगी हुने विषयहरूमा चेतना जगाई कार्य जिम्मा दिने र लिने ।

(ङ) हामी बालबालिकाहरूमा सामाजिक र एकताको भावना जागृत गराउने ।

(च) हामीलाई कार्यक्रम र व्यवहारले सिकाएका राम्रा कुराहरू व्यवहारमा उतार्न र समुदायमा परिवर्तन ल्याउन ।

(छ) बाल अधिकारसँग सम्बन्धित समस्या केलाउन र समाधान गर्न सक्ने बन्न ।

(ज) हामीमा नेतृत्व र आत्मविश्वास विकास गर्न साथै हामी र हाम्रो भावनाको विकास हामीमा गर्न ।

गौरीगंगा राजपत्र

(झ) बाल अधिकारसँग सम्बन्धित विभिन्न क्रियालकलापहरुमा विद्यालयमा रहेका सम्पूर्ण दलित, अपाङ्ग, पछाडि पारिएका विद्यालय पढ्दै गरेका बालबालिकाहरूको समेत सामूहिक सहभागिता जुटाउन ।

**४. क्लबको उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापहरुः**

(क) क्लबको सदस्यता वितरण,

(ख) कार्य समितिको चयन,

(ग) वार्षिक कार्य योजना निर्माण,

(घ) कार्यविधि बमोजिम कार्यक्रमहरू सञ्चालन गर्ने।

**५. सदस्यतासम्बन्धी व्यवस्थाः** हाम्रो बाल क्लबमा देहाय बमोजिमका सदस्यहरू रहनेछन् ।

क) साधारण सदस्य,

ख) कार्यसमिति सदस्य,

ग) आवश्यक सम्झेमा अन्य प्रकारका सदस्यहरू समितिले निर्धारण गर्न सक्नेछ ।

**२) सदस्यता प्रदान गर्ने विधि र नियमहरूः**

(क) यस क्लबको सदस्यता लिनको लागि ८ देखि १८ वर्ष ननाघेको बालबालिका हुनुपर्नेछ

(ख) १८ वर्ष उमेर पूरा भइसकेपछि यस क्लबको सदस्यबाट स्वतः हट्नेछन् र सल्लाहकारको रूपमा कार्य गर्न सक्नेछन् ।

(ग) बाल क्लबमा सदस्य बन्नका लागि कार्यसमितिले तोके बमोजिमको शुल्क तिरी क्लबको सदस्यता रसिद लिनुपर्नेछ ।

घ) प्रत्येक सदस्यहरूले क्लबले निर्दिष्ट गरेका आचरणहरू पूरा गर्नुपर्नेछ । क्लबले आचरण सम्बन्धी कारबाही नगरेको अवधिसम्म यस क्लबको सदस्य बनिरहन सकिनेछ ।

**परिच्छेद ३**

गौरीगङ्गा राजपत्र

## साधारण सभा तथा कार्यसमिति

६. **बैठकसम्बन्धी व्यवस्था** (१) कार्यसमितिको बैठक कम्तीमा वर्षको १२ पटक (मासिक एक पटक) र साधारण सभा वर्षको १ पटक बस्नेछ ।

(२) २५ प्रतिशत सदस्यहरूले साधारण सभा बोलाई पाऊँ भनी क्लबका अध्यक्ष समक्ष निवेदन गरेमा अध्यक्षले विशेष साधारण सभा बोलाउन सक्नेछ ।

(३) साधारण सभाका लागि ७ दिन अगावै साधारण सभा हुने स्थान, समय, मिति र छलफलको हुने विषय सहित सम्पूर्ण सदस्यलाई उपस्थितिको लागि सूचना दिनुपर्नेछ ।

७. **कार्य समिति गठन विधि र पदावधिः** (१) साधारण सभाले प्रत्येक २ वर्षमा लोकतान्त्रिक प्रणालीबाट आफ्ना सदस्यहरू मध्येबाट अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १, र सदस्यहरू सहित ....... जना सम्मको कार्यसमितिको गठन गर्नेछ ।

(२) यसरी गठन भएको कार्यसमितिको पदावधि २ वर्षको हुनेछ ।

८. **साधारण सभाको काम, कर्तव्य र अधिकारः** (१) सभाको अध्यक्षता गर्ने व्यक्तिले प्रस्तुत गरेका सूचिमा समावेश भएका विषयहरूमा छलफल गरी निर्णय गर्ने ।

(२) क्लबको गतिविधि समीक्षा गरी आवश्यक नीति निर्देशन तयार गर्ने ।

(३) वार्षिक कार्यक्रम र कार्य योजना तयार गरी स्वीकृत गर्ने ।

(४) विधान संशोधन गर्नुपर्ने । ।

(५) अन्य तोकिएका कार्यहरू गर्ने ।

## परिच्छेद– ४

## कार्य समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

९. **पदाधिकारीको काम, कर्तव्य र अधिकारः** (१) अध्यक्ष काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

क) कार्य समिति र साधारण सभाको अध्यक्षता गर्ने,

गौरीगङ्गा राजपत्र

ख) संस्थाको हितको लागि गर्नुपर्ने कर्तव्यको प्रमुख दायित्व बहन गर्ने,

ग) संस्थाको निर्णयहरू कार्यान्वयन गर्ने र गर्न लगाउने,

घ) संस्थाको उद्देश्य पूरा गर्न अन्य आवश्यक काम गर्ने,

ङ) मत बराबर भएमा निर्णायक मत दिने,

च) समुदाय, विद्यालय, गौरीगङ्गा नगरपालिका र अन्य सहयोगी संस्थाहरू बिच समन्वयकर्ताको भूमिका निर्वाह गर्ने।

(२) उपाध्यक्षका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

(क) अध्यक्षको अनुपस्थितिमा निजले गरी आएको अधिकारहरू प्रयोग गर्ने ।

(ख) अन्य बखतमा अध्यक्षको सहयोगी भूमिका निर्वाह गर्ने ।

(ग) बाल क्लबको प्रवक्ता भई कार्य गर्ने

३) सचिवका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछनः

(क) साधारण सभा र कार्य समितिको निर्णय अनुरूप संस्थाको कार्य सञ्चालनमा सहयोग गर्ने,

(ख) बैठक बोलाउने र बैठकको निर्णय अभिलेख राख्ने,

(ग) बैठकमा राखिने विषयहरूमा अग्रिम जानकारी सबैलाई पुऱ्याउने,

(घ) क्लबमा प्राप्त भएका सूचनाहरू क्लबका अन्य पदाधिकारीहरूलाई जानकारी गराउने,

(ङ) बैठकको माइन्युट गर्ने ।

४) सहसचिवका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछनः

क) सचिव अनुपस्थित भएको खण्डमा सचिवले गर्ने सबै कामहरू गर्ने,

ख) अध्यक्षले तोकेका अन्य कामहरू गर्ने ।

गौरीगंगा राजपत्र

**५) कोषाध्यक्षका** काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछनः

(क) संस्थाको सम्पूर्ण नगदी, जिन्सीहरूको जिम्मा लिने र त्यस सम्बन्धी स्रेस्ताहरू अद्यावधिक राख्ने,

(ख) संस्थाको आय व्ययको विवरण कार्यसमितिमा र साधारण सभामा पेस गर्ने,

(ग) आगामी वर्षको बजेट तर्जुमा गरी साधारण सभामा पेस गर्ने,

(घ) आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्रमा शिक्षकमध्येबाट लेखा परीक्षण गराउने ।

६) सदस्यका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछनः

(क) संस्थाको बैठकमा नियमित उपस्थित हुने,

(ख) संस्थाको हितको लागि सबै लागि पर्ने,

(ग) बैठकमा उपस्थित भई आफ्नो अभिव्यक्ति प्रस्तुत गर्ने,

(घ) कार्यसमितिले निर्णय गरे अनुसारको जिम्मेवारी वहन गर्ने ।

## परिच्छेद– ५

## विविध

**१०. विधान संसोधनः** विधानमा उल्लेखित दफा तथा उपदफाहरू संशोधन गर्नुपर्ने भएमा साधारण सभाको दुई तिहाइ बहुमतबाट संशोधन गर्न सकिनेछ। तर संशोधन भएको उक्त विधान गौरीगङ्गा नगरपालिकाको स्वीकृति पाएको मितिदेखि मात्र लागू हुनेछ ।

**११. <u>निष्क्रियः</u>** विधानमा लेखिएका कुराहरू प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछन् ।

**क्लव दर्ता गर्दाका अवस्थामा रहेका कार्यसमिति सदस्यहरु र हस्ताक्षर**

| क्र.सं. | नाम | उमेर | पद | हस्ताक्षर |
| --- | --- | --- | --- | --- |

गौरीगंगा राजपत्र

१.

२.

३.

४.

५.

६.

७.

अनुसूची-५

दफा १४ को उपदफा (२) सँग सम्बन्धित

<u>बाल क्लब दर्ता/सुचिकृत गर्नका लागि वडा तथा नगरकार्यपालिका कार्यालयमा दिइने निबेदनको नमूना</u>

मिति........................

श्री ......... वडा कार्यालय

गौरीगङ्गा नगरपालिकाको कार्यालय,कैलाली।

विषयः बाल क्लब/सञ्जाल दर्ता/सुचिकृत गरी पाउँ ।

उपरोक्त सम्बन्धमा यस गौरीगङ्गा नगरपालिका वडा नं. ........... को ............................. टोल/बिद्यालयमा...................................................................... नामक बाल क्लब गठन गरिएकोले उक्त बालक्लबलाई दर्ता गरिदिन सादर अनुरोध गर्दछु ।

गौरीगंगा राजपत्र

निवेदक

हस्ताक्षरः

मितिः

नाम,थरः

पदः

छापः

अनुसूची-६

दफा १४ को उपदफा (३) सँग सम्बन्धित

बाल क्लब दर्ता प्रमाणपत्रको नमूना

दर्ता/ आवद्धता प्र. प्र. न..........................

श्री अध्यक्ष /सचिव

.................. न. वडा ..............,कैलाली

.........................................................................(बाल क्लबको नाम) गौरीगङ्गा नगरपालिकाको बाल क्लब गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि,२०८० को दफा १४ बमोजिम .................. साल ........... महिना.......... गतेका दिन दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।



गौरीगंगा राजपत्र

दर्ता अधिकारीको सहीः-

पूरा नामः-

दर्जाः-

कार्यालयः-

<u>नविकरण (प्रमाण पत्रको पछाडी भागमा)</u>

| नवीकरण गरेको मिति | दर्ताको प्रमाणपत्र बहाल रहेको अवधि | नवीकरण दस्तुर | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |

आज्ञाले
धर्मराज विनाडी
प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजपत्र